बागमती प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

हेटौंडा, नेपाल

पत्र सङ्ख्या :- क.प्र./२०८२/२०८३

चलानी नं. :- २३२१

मिति: २०८३/०३/२५

विषयः संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने सन्बन्धमा।

श्री स्थानीय तह (सबै),

बागमती प्रदेश।

उपरोक्त सम्बन्धमा यस कार्यालयको च.न. १७३९, मिति २०८३/०१/१४ को पत्रमार्फत संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ बमोजिम संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्य गरी प्रस्तावित दरबन्दी विवरण तयार गरी मूल्याङ्कनका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउन अनुरोध गरिएकोमा हालसम्म बागमती प्रदेशका ११९ स्थानीय तहमध्ये केही स्थानीय तहबाट मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन तथा दरबन्दी पुनरावलोकन सम्बन्धी विवरण प्राप्त भएको र अधिकांश स्थानीय तहबाट सो सम्बन्धी विवरण प्राप्त हुन बाँकी रहेको छ।

संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ को दफा १० को उपदफा (६) बमोजिम स्थानीय तहले आफ्नो संगठन संरचना तथा दरबन्दीमा आवश्यक पुनरावलोकन गरी अद्यावधिक गर्नुपर्ने कानुनी व्यवस्था रहेको र उक्त मापदण्ड अनुसार संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृत भएपश्चात मात्र प्रदेश किताबखानामा पद दर्ता एवं दरबन्दी अद्यावधिक गर्ने कार्य गरिने भएकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने कार्य तत्काल सम्पन्न गरी **२०८३ श्रावण ७ गतेभित्र** यस मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मूल्याङ्कनको लागि पेश गर्नुहुन आदेशानुसार अनुरोध छ।

२०८३/०३/२५

(मबिन कुमार थापा)

शाखा अधिकृत

बोधार्थः

१. सूचना तथा संचार समन्वय शाखा- कार्यालयको वेबसाइटमा अपलोड गरिदिनहुन ।